# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५


# विज्ञापन कर उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०५।०३)

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६४ को उपदफा ग एवं तुलसीपुर उप महानगरपालिका दाङको सातौ नगरसभा को निर्णय एवं उप महानगरपालिकाको मिति २०७७/०३/०३ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार तुलसीपुर उप महानगरपालिका क्षेत्र भित्र (सडकबत्ति, ट्राफिक आईल्याण्ड तथा बसपार्क भित्री क्षेत्र बाहेक) तपसिल अनुसारको विज्ञापन कर संकलन गर्न आ.व. २०७७/०७८, ०७८/०७९ र ०७९/०८० को लागि रित पुर्वक E-Bidding आह्वान गरिएको छ ।

| क्र.सं. | ठेक्का विर्वरण | ठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | रा ०४/०७७/०७८ | आ.व. २०७७/०७८ को रु. १०,००,०००।–<br>आ.व. २०७८/०७९ को रु. ११,००,०००।–<br>आ.व. २०७९/०८० को रु. १२,१०,०००।– | १,०००।- |

| क्र.सं. | विज्ञापन कर (आ.व. २०७७/०७८)<br>विवरण | दरहरु |
|---|---|---|
| १ | डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एल.सि.डि.बोर्ड, लिडं बोर्ड, रोलर बोर्ड, नियोन साईन बोर्ड, प्रोजेक्टर, स्टल डिस्प्ले, टु.डि.र थ्रि डि. व्यापारिक प्रयोजनार्थ प्रति वर्गफुट | ४००।०० |
| २ | फ्लेक्स प्रिन्ट, होडिङ्ग वोर्ड, चलचित्र बोर्ड, ग्लो बोर्ड, व्यापारिक प्रयोजनार्थ प्रतिवर्ग फुट | ३००।०० |
| ३ | भित्ते लेखन , सटर पन्टिङ्ग, रेलिङ्ग पेन्टिङ्ग, पोल पेन्टिङ्ग, पसल गेट पेन्टिङ्ग, वाल पन्टिङ्ग व्यापारिक प्रयोजनार्थ प्रति वर्गफुट | २००।०० |
| ४ | **व्यानर सबै प्रकारका (हस्तलिखित वा प्रिन्ट गरिएको)** | |
| | व्यानर प्रतिमिट्र ७ दिनका लागि प्रतिदिन | १०।०० |
| | व्यानर प्रतिमिटर ७ दिन भन्दा बढि प्रतिदिन | ५।०० |
| ५ | **सवारी साधनद्वारा गरिने विज्ञापन** | |
| | प्रतिदिन ध्वनी सहित ७ दिनसम्म | २५००।०० |
| | प्रतिदिन ध्वनी सहित सो भन्दा माथि | ४०००।०० |
| | प्रतिदिन ध्वनी रहित सहित ७ दिनसम्म | १५००।०० |
| | प्रतिदिन ध्वनी रहित सो भन्दा माथि | २५००।०० |
| ६ | **अन्य** | |
| | १ मिटर र १ बर्ग फुटसम्मको विज्ञापन एक महिना सम्म प्रतिदिन | ५।०० |
| | १ मिटर,१ बर्ग फुटसम्मको विज्ञापन एक महिना भन्दा बढि प्रतिदिन | ८।०० |
| | प्रत्येक विद्युत पोलमा प्रति बर्ग मिटर प्रति महिना | १००।०० |
| ५ | दर नतोकिएकाको हकमा नगर कार्यपालिकाले तोके अनुसार | |

**शर्त तथा वन्देजहरु :**

१. मूल्य अभिबृद्धी करमा दर्ता भएका इच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयबाट तोकिए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा बैक तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९०४३ जम्मा गरेको बैंक भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट वोलपत्र खरिद गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५

२. वोलपत्र पेश गर्दा स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको मेघा बैक तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९१७८ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. शिलवन्दी बोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

४. बोलपत्रमा आफूले कवोल गरेको अंक र अक्षरमा प्रष्टसंग लेखी सही छाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत भएको वा नविकरणको सूचना पाएको मितिले ७ दिनभित्र प्रत्येक वर्षको कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर र १.५% ले हुन आउने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौता गर्दा एकमुष्ट पेश गर्नु पर्नेछ । साथै वांकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक पुष मसान्तभित्र तथा २०% ले हुन आउने तेश्रो किस्ता वापतको रकम प्रत्येक चैत्र मसान्तभित्र दाखिला गरी सक्नु पर्नेछ । बांकि ५०% ले हुन आउने दोश्रो र तेश्रो किस्ता वापतको रकम बरावरको आगामी प्रत्येक श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टीबाट (परफरमेन्स वण्ड) किस्ता रकम असूल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हक दावी गर्न पाउने छैन ।

६. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

७. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

८. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

९. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१०. दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

११. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघीय सरकार, प्रदेश सरकार, वा न्यायीक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहीले हिसावगरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१३. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१४. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि २०८० साल आषाढ मसान्तसम्म मात्र हुनेछ ।

१५. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१६. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

..............................
(भाष्करराज गौतम)
**नि. प्रमुख प्रशासकीय अधिकृत**